# बर्दगोरिया गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १०　　संख्याः ८　　मितिः २०८३/०१/२९

भाग-२

## बर्दगोरिया गाउँपालिका शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३

कार्यपालिकाबाट पारित मितिः २०८३/०१/०८
प्रमाणीकरण मितिः २०८३/०१/२९
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३/०१/२९

बर्दगोरिया गाउँपालिका

## बर्दगोरिया गाउँपालिका शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३

**प्रस्तावनाः** नेपाल सरकारको शिक्षा नीति, २०७६ को रणनीति न ९.२०, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता कार्यविधि, २०८०, शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०, शिक्षक पेसागत विकास प्रारूप, २०८०, तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को १०२ को २ बमोजिम बर्दगोरिया गाउँपालिका भित्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता तथा सक्षमता अभिवृद्धि गर्न शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन गर्न आवश्यक भएकोले बर्दगोरिया गाउँपालिकाको आधारभूत तथा माद्यामिक शिक्षा ऐन, २०७९ को दफा ५० (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको हो । यस कार्यविधि मार्फत विद्यालयलाई सिकाइको केन्द्रको रूपमा विकास गर्दै शिक्षकको पेसागत विकास, पेशागत उत्तरदायित्व तथा विद्यार्थीहको सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याइनेछ। यसले विद्यालय सुधार प्रक्रियालाई संस्थागत र दिगो बनाउने लक्ष्य लिएको छ।

### परिच्छेद-१
### <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम " **शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि** २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) "शैक्षणिक श्रोत व्यक्ति" भन्नाले शिक्षकको कक्षा अवलोकन गरी विद्यालयमा समाबेशी, गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न शिक्षकलाई पेशागत सहयोग गर्ने व्यक्ति भन्ने बुझिन्छ।

(ख) "पालिका" भन्नाले बर्दगोरिया गाउँपालिका भन्ने बुझिन्छ।

(ग) "कार्यपालिका" भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँकार्यपालिका बुझिन्छ ।

(घ) "विद्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझिन्छ ।

(ङ) "शैक्षणिक स्रोत व्यक्ति" भन्नाले यस कार्यविधि को परिच्छेद ५ बमोजिम नियुक्त भएको बुझिन्छ ।

### परिच्छेद-२

## <u>शैक्षणिक स्रोत व्यक्ति परिचालनको लक्ष्य तथा उद्देश्य</u>

**३. <u>शैक्षणिक स्रोत व्यक्ति परिचालनको लक्ष्य तथा उद्देश्यः</u>** (१) बर्दगोरिया गाउँपालिका भित्रका विद्यालयहरूमा गुणस्तरीय, समावेशी र प्रभावकारी शिक्षण—सिकाइ प्रक्रिया प्रवर्द्धन गर्न शिक्षकहरूलाई नियमित पेसागत सहयोग प्रदान गर्ने यो कार्यविधिको प्रमुख लक्ष्य हो । यसले विद्यालयको शैक्षिक अवस्था, सिकाइ उपलब्धि तथा व्यवस्थापकीय पक्षहरुको निरन्तर अनुगमन र मूल्याङ्कन गरी सुधारका उपाय अवलम्बन गर्न सहयोग गर्दछ ।

**४. <u>शैक्षणिक स्रोत व्यक्तिः</u>** परिचालनका मुख्य उद्देश्यहरू निम्नानुसार छनः

क. शिक्षकको पेसागत क्षमता विकासका लागि निरन्तर मेन्टरिङ, सहजीकरण तथा तालिम प्रदान गर्नु।

ख. कक्षा कोठामा प्रयोग हुने शिक्षण विधि, सामग्री तथा मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउनु।

ग. अपाङ्गता, लैङ्गिकता, भाषा तथा सामाजिक पृष्ठभूमिको आधारमा समावेशी र बालमैत्री शिक्षण पद्धतिको प्रवर्द्धन गर्नु।

घ. विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय अवस्थाको नियमित अनुगमन गरी सुधारका सुझाव दिनु।

ङ. विद्यार्थीको सिकाइ नतिजा विश्लेषण गरी आवश्यक सुधारात्मक कार्यक्रम सञ्चालनमा सहयोग गर्नु।

च. आधुनिक प्रविधिको प्रयोगमार्फत सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनु।

छ. शिक्षकमा पेशागत उत्प्रेरणा, उत्तरदायित्व र प्रतिबद्धता अभिवृद्धि गर्नु।

**ज.** पालिका स्तरमा बिभिन्न बिषयगत शिक्षक समुह गठन गरी शिक्षण सिकाइमा आवश्यक सहयोग अदान प्रदान गर्नु

**५. <u>शैक्षणिक स्रोत व्यक्ति परिचालनका अपेक्षित उपलब्धिः</u>** (१) शैक्षणिक स्रोत व्यक्ति परिचालनका अपेक्षित उपलब्धि देहाय बमोजिम हुनेछ ।

**(क)** शिक्षकको योजना निर्माण, शिक्षण सीप, तथा मूल्याङ्कन क्षमतामा उल्लेखनीय सुधार भएको हुनेछ।

**(ख)** कक्षाकोठा व्यवस्थापन तथा विद्यार्थी सहभागितामा वृद्धि भएको हुनेछ।

**(ग)** नियमित, तथ्यपरक र विश्लेषणयुक्त अनुगमन प्रतिवेदन प्रणाली विकास भएको हुनेछ।

**(घ)** विद्यार्थीको उपस्थिति, निरन्तरता तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

बर्दगोरिया गाउँपालिका

**(ङ)** विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

**(च)** प्रविधिमैत्री शिक्षण सिकाईको अभ्यासको  विकास भएको हुनेछ।

**(छ)** समावेशी, सुरक्षित र सम्मानजनक विद्यालय वातावरणको प्रवर्द्धन भएको हुनेछ।

## परिच्छेद-२
## <u>शैक्षणिक व्यक्ति छनौट तथा परिचालन सम्बन्धी ब्यवस्था</u>

६. **<u>शैक्षणिक स्रोत व्यक्ति छनोट प्रक्रियाः</u>** शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

(ख) अनलाइन तथा प्रत्यक्ष आवेदन संकलन गरिनेछ।

(ग) आबेदनहरूको प्रारम्भिक मूल्याङ्कन गरी छोटो सूची तयार गरिनेछ।

(घ) निर्देशिकाले तोके अनुसार लिखित परीक्षा सञ्चालन गरिनेछ।

(ङ) निर्देशिकाले तोके अनुसार अन्तर्वार्ता तथा प्रस्तुतीकरणको मूल्यांकन गरिनेछ ।

(च) सफल उमेदवारको योग्यताक्रम अनुसार सूची प्रकाशन गरिनेछ।

(छ) छनोट भएका उम्मेदवारसँग करार सम्झौता गरिनेछ ।

७. **<u>शैक्षणिक स्रोत व्यक्तिको कार्य विवरणः</u> (१)** शैक्षणिक स्रोत व्यक्तिको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) नियमित रुपमा मासिक योजना बनाएर कम्तीमा १० विद्यालय भ्रमण गर्ने, कक्षा अवलोकन गर्ने तथा सोका आधारमा शिक्षकलाई कोचिंग र मेन्टरिङ सहायता प्रदान गर्ने ।

(ख) विद्यालयमा शिक्षण सिकाई सामग्री निर्माण तथा प्रयोग मार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।

(ग) विषयगत शिक्षक सिकाइ समूहको नियमित बैठक तथा अन्तरक्रिया प्रवर्द्धनका गतिविधिहरू योजनाबद्ध रूपमा संचालन गर्ने ।

(घ) डिजिटल सिकाइ तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई स्रोत विद्यालय मार्फत प्रवर्द्धन गर्ने ।

(ङ) विद्यालयमा समावेशी मूल्य, मान्यता र संस्कृतिको विकास गर्न विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गर्ने ।

(च) विद्यालय सुधार योजना तथा स्थानीय स्तरको शिक्षा योजनामा समावेशी शिक्षा, समानता, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समावेश गर्न प्राविधिक सहयोग प्रदान गर्ने ।

(छ) शैक्षणिक स्रोत ब्यक्तिले मासिक योजना, विद्यालय भ्रमण प्रतिवेदन, कक्षा अवलोकन नतिजा तथा सिकाइ प्रगति अभिलेखीकरण गरी समयमै प्रतिबेदन बुझाउने ।

(ज) स्थानिय तह, विद्यालय, स्रोत विद्यालय र सरोकार वाला बीच प्रभावकारी समन्वय तथा सूचना आदान–प्रदान गर्ने ।

(झ) पालिका भित्रका उत्कृष्ट अभ्यासहरुलाई विद्यालयहरु बीच सिकाइ आदान–प्रदानको वातावरण निर्माण गर्ने ।

(ञ) विद्यालय सुधार योजनाको निर्माण तथा अध्यावधिक गर्न प्राविधिक सहयोग गर्नु।

(ट) तालिम, गोष्ठी तथा कार्यशालामा स्रोत व्यक्ति तथा सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नु।

(ठ) **शैक्षणिक स्रोत व्यक्ति**को करार अवधि ६ महिनाको हुनेछ र वार्षिक मूल्याङ्कनका आधारमा करार नवीकरण गर्न सकिनेछ ।

(२) शैक्षणिक स्रोत ब्यक्तिको नियमित अनुगमन, मूल्यांकन गरिनेछ । सोका लागि शिक्षा युबा तथा खेलकुद शाखा प्रमुखले बार्षिक कार्य सम्पादनको मूल्यांकन गर्नेछन । कार्यसम्पादन मूल्यांकनका लागि सूचक पालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **<u>शैक्षणिक स्रोत ब्यक्तिको सेवा सुविधा तथा करार सम्बन्धी ब्यवस्थाः</u>** (१) देहाय बमोजिम हुनेछ स्थानीय तहको करार कानुन बमोजिम हुनेछ । सेवा सुविधा, जिम्मेवारी तथा कार्य अवधि सम्झौतामा स्पष्ट उल्लेख गरिनेछ।

(२) शैक्षणिक स्रोत व्यक्तिको सुविधाका हकमा माध्यामिक द्धितीय श्रेणी शिक्षकको तलब भत्ता अनुसार हुनेछ ।

(३) ईन्धन लगायत अन्य सुविधाहरु बर्दगोरिया गाउँपालिकाको नियमानुसार हुनेछ ।

## परिच्छेद-४
## <u>विविध व्यवस्था</u>

९. यस कार्यविधिमा समेटिन नसकेका विषय स्थानीय तहको निर्णय अनुसार कार्यान्वयन गरिनेछ।

१०. आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सकिनेछ।

११. शैक्षणिक स्रोत व्यक्तिले पेशागत आचार संहिता अनिवार्य पालना गर्नुपर्ने छ ।

१२. **<u>बजेट तथा स्रोत व्यवस्थापनः</u>** शैक्षणिक स्रोत व्यक्ति परिचालनका लागि पालिकाले बजेट विनियोजन गर्नेछ । सोका लागि विकास साझेदार तथा परियोजनासँग सहकार्य गर्न सक्ने छ ।

१३. **<u>परियोजना तथा साझेदारसँग समन्वयः</u>** बिभिन्न सरोकारवाला तथा शिक्षा परियोजनासँग सहकार्य गरीनेछ। अनुभव तथा सिकाइ आदानप्रदान गर्ने संयुक्त अनुगमन तथा मूल्याङ्कन मार्फत कार्यक्रमको गुणस्तर सुनिश्चित गरिनेछ।

१४. **<u>बाधा अड्काउ फुकाउः</u>** कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन आएमा गाउँ कार्यपालिकाले सोको समाधान गर्नेछ। आवश्यकता अनुसार कार्यविधि परिमार्जन तथा संशोधन गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ।

आज्ञाले
नन्दा कुमारी भट्ट
प्रमुख प्रशासकीय अधिकृत

बदगौरिया गाउँपालिका